स.क.द.नं.  जि.प्र.का.द.नं. ४/२०५९/०६०  दर्ता मिति: २०५९/०५/१७

# ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल

अर्घाखाँची - सन्धिखर्क

२०५९

# RURAL COMMUNITY HEALTH DEVELOPMENT CENTER - NEPAL

Sandhikharka - Arghakhanchi

2003  पो.ब.नं.-

## कृषि यन्त्र उपकरण हस्तान्तरण कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८३/ ०५ / १८**

मालारानी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल (RCHDC) अर्घाखाँचीद्धारा मालारानी गाउँपालिकामा संञ्चालित मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत आ.व २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलको कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले यो सुचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८३/०६/०१) गते भित्र मालारानी गाउँपालिकाको कृषि शाखा वा आ-आफ्नो वडामा तपसिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रीत नपुगेको र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ ।

थप जानकारीको लागि मालारानी गाउँपालिकाको कृषि शाखामा सम्पर्क (९८४३१००१८५ वा ९८४९७२५१७५) गर्न सकिनेछ ।

तपसिलः

| क्र.स | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्युनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|
| १. | कृषि यन्त्र उपकरण हस्तान्तरण कार्यक्रम (५० प्रतिशत लागत सहभागिता) | कृषि जन्य निजि फर्म / कृषक समुह / कृषि सहकारीलाई कुटानी पिसानी मेसिन मिनिटिलर (हाते ट्याक्टर), corn sheller (मकै छोडाउने मेसिन) र घाँस काट्ने मेशिन खरिदमा अनुदान । | • कृषि फर्मको हकमा कम्तिमा २ रो. जग्गामा खेति गरेको हुनु पर्नेछ।<br>• कृषक समुहको हकमा कम्तिमा २० रो. जग्गामाखेति गरेको हुनु पर्नेछ।<br>• कृषि सहकारीको हकमा कम्तिमा ५० रो.जग्गामा खेति गरेको हुनु पर्नेछ।<br>• घाँस काट्ने मेशिनको हकमा कम्तिमा २ वटा भन्दा धेरै गाई भैसी पालन गरेको हुनु पर्नेछ ।<br>• कृषि जन्य निजि फर्महरुले कुनै एक मात्र यन्त्र उपकरणको माग गर्नु पर्नेछ । | बजेटको परिधि भित्र रही अधिकतम ५० प्रतिशत । |

**संलग्न गर्नु पर्ने कागजातहरुः**

१. निवेदन।
२. नागरिकताको प्रतिलिपि
३.दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि (समुह/निजि फर्म/सहकारी)
४.स्थायी लेखा नं प्रमाणपत्र तथा हालको आर्थिक बर्षको करचुक्ता प्रमाणपत्र को प्रतिलिपि (समुह/निजि फर्म/ सहकारी)
५. सम्बन्धित वडाको सिफारीस पत्र ।
६. अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।(समुह/सहकारी)
७. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संञ्चालन गर्नेको हकमा (करार सम्झौता कम्तिमा ५ बर्षको) ।
८. कुटानी पिसानी मेसिन, मिनिटिलर (हाते ट्याक्टर) र corn sheller (मकै छोडाउने मेसिन) को हकमा गत २ आ.व. मा मालारानी गाउँपालिका वा अन्य कुनै सरकारी निकायबाट सोही प्रयोजनको लागि अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ।

बोधार्थः

१. वडा कार्यालयहरु (सबै) ।
२. सूचना प्रविधि शाखा, सूचना सम्प्रेषण गरिदिनु हुन ।

<u>दोहोरो अनुदान नलिएको स्वःघोषणा</u>

श्री कार्यालय प्रमुख ज्यू
मालारानी कृषि तथा पशु उद्यमशीलता विकास परियोजना

मालारानी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थीक सहयोगमा मालारानी गाउँपालिकामा संचालित मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना को आ.व २०८३/०८४ को स्वीकृत कार्यक्रम अनुसार गत २ आ.व मा नेपाल सरकार/प्रदेश सरकार/ स्थानीय तह / अन्य निकायबाट प्रदान गरिने रकम/ सामाग्री/ उपकरण/अन्य वस्तु लिन ईच्छुक रहेकोले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/ स्थानीय तह वा अन्य निकायबाट प्रदान गरिएको रकम/ सामाग्री/ यन्त्र उपकरण/अन्य वस्तु मैले/हामीले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको घोषणा गर्दछु/गर्दछौं ।यदि मैले/हामीले लिएको प्रमाणित भएमा मेरो/हाम्रो वा संस्था वा समुह वा सहकारी वा कम्पनीको सम्पतिबाट नियमानुसार व्यक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन ।

हस्ताक्षरः

नाम थरः..........................

ठेगानाः...........................

सम्पर्क नं..........................

फर्म/समुह/सहकारीको नाम.................................

संस्थाको छापः...................